# रत्ननगर नगरपालिका कार्यालय

रत्ननगर, चितवन
नेपाल

फोन: ०५६-५६०५२९, ०५६-५६०५०६
फ्याक्स: ०५६-५६०६२९, ०५६-५६२४८७

**सौर्य सडक बत्ती जडान सम्बन्धि बोलपत्र आव्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति :२०७२।१२।३० गते

यस रत्ननगरनगरपालिका क्षेत्रमा वातावरण मैत्री स्थानीय शासन कार्यक्रम (EFLGP) र नगरपालिकाको संयुक्त लगानीमा शहरी सौर्य उर्जा, सौर्य सडक वत्ती जडान गर्ने कार्यको लागि कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको  सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

**शर्तहरुः-**

१. बोलपत्र फारम रु १,०००।–(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनसम्म कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. खरिद भएको वोलपत्र फाराम, फर्मले खाम वाहिर आफ्नो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन सम्म दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय बाणिज्य बैंकको धरौटी खाता नं. ग-३/०१ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ ।

५. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय बाणिज्य बैंकको धरौटी खाता नं. ग-३/०१ खतामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२ वाह्र महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । वोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धीत ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

९. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

११. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२. यो सुचना www.ratnanagarmun.gov.np मा समेत Download गरी हेर्न सकिने छ ।

| वोलपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम (मु.अ.कर सहित) | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०७२/७३ – १ | सौर्य सडक बत्ती जडान कार्य | २९,३८२८० | ७५,००० | १ ,०००।- | |

फि. कार्यकारी अधिकृत
रत्ननगर नगरपालिका